बसबरिया गाउँपालिका
गाँउ कार्यपालिकाको कार्यालय
भवानीपुर ,सर्लाही
प्रदेश नं. २, नेपाल

# सवारी साधन आपूर्ती सम्बन्धी सिलबन्दी दरभाउ पत्र आव्हानको सूचना

**(प्रथम पटक सूचना प्रकाशित भएको मितिः २०७५/१२/१६ )**

१. यस कार्यालयलाई तपसिलमा उल्लेख सवारी साधनहरु आवश्यक परेकोले योग्य फर्म/कम्पनीहरूबाट खरिद गर्न यो दरभाउ पत्र आह्वान गरिएको छ

२. योग्य फर्म/कम्पनीहरूले यस सम्बन्धी थप जानकारीको लागि वा सिलबन्दी दरभाउ पत्र सम्बन्धी कागजातहरू हेर्न (अध्ययन गर्न) चाहेमा, यस कार्यालयमा कार्यालय समयमा सम्पर्क गर्न सक्नेछन ।

३. यो सूचना प्रकाशित भएको मिति देखि १५ औं दिनसम्म दरभाउपत्र फाराम यस कार्यालयमा सम्वन्धित आपुर्तिकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले अद्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजतपत्र, अद्यावधिक नविकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) प्रमाणित प्रमाणपत्र, आ. व. २०७४/०७५ सम्मको कर चुक्ता गरेको प्रमाणित पत्र , उत्पादक फर्म वा कम्पनीलाई प्राप्त Authorization Letter को प्रमाणित प्रतिलिपी नियमानुसार को तपसिलमा उल्लेख दस्तुर (पछि फिर्ता नहुने गरी ) निवेदन साथ पेश गरेपछी नियमानुसार सिलबन्दी दरभाउ पत्र फारम यस कार्यालयबाट उपलब्ध गराइने छ ।

४. सिलबन्दी गरिएको दरभाउ पत्र यस कार्यालयमा **सूचना** प्रथम पटक प्रकाशित मिति देखी १६ औ दिन दिउँसो १२:०० बजेभित्र बुझाउनु पर्नेछ । ढिलो गरी प्राप्त भएमा स्वीकार गरिने छैन ।

६. तोकिएको समयभित्र पेश भएका दरभाउ पत्रहरू उपस्थित हुन चाहेका प्रस्तावकहरू वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा **सूचना** प्रथम पटक प्रकाशित मिति देखी १६ औ दिन दिनको २:०० बजे खोलिने छ । प्रस्तावक वा निजका प्रतिनिधिहरू उपस्थित नभए पनि दरभाउ पत्र खोल्न कुनै बाधा पर्ने छैन ।

७. सिलबन्दी दरभाउ पत्र खोलिएको दिन देखि गणना हुने गरी ४५ दिनसम्मको लागि मान्य हुनेछ । सिलबन्दी दरभाउ पत्रको साथ जमानत वापतको धरौटी रकम नेपाल बैंक लिमिटेड मलंगवा शाखा सर्लाहीमा रहेको धरौटी खाता नं. ०२९०३००००००००३००००२ मा जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम बराबरको मान्यता प्राप्त क बर्गको वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको कम्तीमा ७५ दिनसम्म मान्य भएको निशर्त जमानत पेश गर्नु पर्नेछ ।

८. सिलबन्दी दरभाउ पत्र खरिद गर्ने र पेश गर्ने वा खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसपछि कार्यालय खोल्ने दिन खरिद गर्ने र पेश गर्ने वा खोल्ने अन्तिम मिति कायम हुनेछ ।

९. कुनै वा सबै सिलबन्दी दरभाउ पत्र, पुरै वा आंशिक रूपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने वा रद्ध गर्ने सम्पूर्ण अधिकार खरिदकर्तामा निहित रहने छ ।

१०. यस सूचनामा उल्लेख नभएको अन्य विषय प्रचलित ऐन, नियमानुसार हुनेछ ।.

११. शिलबन्दी दरभाउपत्रको कामको विवरण निम्न अनुसार छ ।

| ठेक्का नं | कामको विवरण | संख्या | धरौटी रकम रू. | फारम दस्तुर(फिर्ता नहुने गरी) रू. |
|---|---|---|---|---|
| ०१/ २०७५/०७६ | मोटरसाइकल ( अनुमानित २५० सिसि)(दरभाउपत्र पुस्तिकामा संलग्न स्पेसिफिकेशन बमोजिम) | २(दुई) | २२,५००। | १,०००।- |
| ०२/ २०७५/०७६ | मोटरसाइकल ( अनुमानित १५० सिसि)(दरभाउपत्र पुस्तिकामा संलग्न स्पेसिफिकेशन बमोजिम) | ३(तिन) | १७,०००। | १,०००।- |
| ०३/ २०७५/०७६ | मोटरसाइकल (Double Disc, अनुमानित १५० सिसि) (दरभाउपत्र पुस्तिकामा संलग्न स्पेसिफिकेशन बमोजिम) | ६ (छ) | ४५,०००। | १,०००।- |
| ०४/ २०७५/०७६ | स्कुटर (दरभाउपत्र पुस्तिकामा संलग्न स्पेसिफिकेशन बमोजिम) | ३(तिन) | १५,०००। | १,०००।- |

प्रमुख प्रशासकिय अधिकृत
नि.प्र.प्र. अधिकृत

Scanned by CamScanner

बसबरिया गाउँपालिका
गाँउ कार्यपालिकाको कार्यालय
भवानीपुर, सर्लाही
प्रदेश नं. २, नेपाल

## सवारी साधन आपुर्ति सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशनमिति : (२०७५/१२/१६ गते)

१) यस कार्यालयलाई आवश्यक पर्ने तपसिलमा उल्लेख सवारी साधन सप्लाई गर्न इच्छुक र इजाजत प्राप्तफर्म/कम्पनी/संस्थाले देहायबमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्बकको बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

२) यो सूचना प्रकाशित भएको मिति देखि ३० औं दिनसम्म बोलपत्रफाराम यस कार्यालयमा सम्वन्धित आपुर्तिकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले अद्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजतपत्र, अद्यावधिक नविकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) प्रमाणित प्रमाणपत्र, आ. व. २०७४/०७५ सम्मको कर चुक्ता गरेको प्रमाणित पत्र , उत्पादक फर्म वा कम्पनीलाई प्राप्त Authorization Letter को प्रमाणित प्रतिलिपी नियमानुसार को वोलपत्र दस्तुर रु.३०००।-(पछि फिर्ता नहुने गरी ) निवेदन साथ पेश गरेपछी नियमानुसार बोलपत्रफारम यस कार्यालयबाट उपलब्ध गराइने छ ।

३) खरिद गरिएका बोलपत्र फारमहरुको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहिछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि ३१ औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा उपस्थित भई बोलपत्रदर्ता गराउन सकिने छ ।

४) बोलपत्र फारमसाथ जमानत वापतको रकम यस कार्यालयको नेपाल बैंक लिमिटेड मलंगवा शाखा सर्लाहीमा रहेको धरौटी खाता नं. ०२९०३००००००००३००००२ मा दाखिला गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा १२० दिन म्याद भएको (बोलपत्र बुझाउने अन्तिम मिति देखि) नेपाल सरकारको मान्यताप्राप्त बैंकबाट जारी भएको बिडबण्ड संलग्न गर्नु पर्नेछ । यसरी पेश गरिने जमानत वापतको भौचर, रसिद वा विडवण्ड यो सूचना प्रकाशित भएको मिति पछिकोलाई मान्यता दिइनेछ ।

५)दर्ताहुन आएका सिलबन्दी बोलपत्र फारामहरु यस कार्यालयमा बोलपत्रदाताहरु व निजको प्रतिनिधिहरुको रोहवरमा ३१ औं दिनको २:०० बजे खोलिने छ तर निजहरुको अनुपस्थितीमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन । फाराम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा उक्तकार्यहरु विदा पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

६)प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । रित नपुगेका र म्याद नाघि आएका बोलपत्रउपर कुनै कारवाही गरिने छैन ।वोलपत्रमा प्रत्येक आईटम दररेट भ्याटबाहेकको अंक र अक्षरमा बुझिने गरी भर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यतादिइनेछ ।

७)बोलपत्र सम्बन्धी अन्यशर्तहरु बोलपत्र फाराममा उल्लेख गरे बमोजिम हुनेछन् ।

८) बोलपत्र सम्बन्धी सूचना संशोधनभएमा यस कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ ।

९)अन्य कार्यविधिहरु सार्वजनिक खरिद ऐन२०६३ (संशोधित) , सार्वजनिक खरिद नियमावली २०६४(संशोधित) तथा अन्य प्रचलित ऐन नियम अनुसार हुनेछ।

१०)बोलपत्र सम्बन्धी थप जानकारीका लागी यस कार्यालयमा कार्यालय समयमा सम्पर्क गर्न सकिने छ ।

| बोलपत्र/ठेक्का नं. | सामान/उपकरणको नाम | आवश्यक संख्या | बोलपत्र फारम दस्तुर रु. | जमानत रकम |
|---|---|---|---|---|
| ०५/२०७५/०७६ | सवारी साधन (जिप) (बोलपत्र पुस्तिकामा संलग्न स्पेसिफिकेशन बमोजिम) | थान १ (एक) | ३,०००/- | १,४०,०००। |

नि.प्रमुख प्रशासकिय अधिकृत

०७५/१२/१५
नि.प्र.प्र. अधिकृत

Scanned by CamScanner